# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप                    बागमती प्रदेश, नेपाल

**सम्वत् २०८३ साल बैशाख २१ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले गरेको निर्णयहरुः**

## गाउँकार्यपालिका बैठक संख्याः ...०९.../२०८२-०८३

| क्र.स. | विषयगत समिति क्षेत्र | निर्णयहरुको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १) आवधिक योजना तर्जुमा निर्देशक समिति<br>आवधिक योजना तर्जुमाको समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न देहाय बमोजिको निर्देशक समितिको गठन गर्ने निर्णय गरियो।<br>२) नेपालको संवैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरूबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न चाहने स्थानीय तहले आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्था आफैले गर्ने गरी सेवा प्रवाहका लागि इच्छुक रहेको हुँदा सम्बन्धित कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो। | |
| २ | आर्थिक विकास क्षेत्र | ३) मिति २०८३-०१-२१ आर्थिक विकास समितिद्वारा पेश भएको आ.व. २०८२-०८३ को कृषि विकास शाखा तथा पशुपंक्षि विकास शाखा तर्फको विभिन्न वार्षिक कार्यक्रम संचालनका लागि मिति २०८३ बैशाख १६ गते बसेको कृषि विकास समिति आर्थिक विकास समितिको बैठकको **निर्णय नं. १ देखि ६** सम्मको तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।<br>निर्णय नं. १ कृषि यान्त्रिकरण कार्यक्रम सम्बन्धमा।<br>निर्णय नं. २ सुन्तला जातका फलफुलको नँया पकेट स्थापना कार्यक्रम।<br>निर्णय नं. ३ मुल्य श्रृङ्खला विकास कार्यक्रमको अनुदान रकम सम्बन्धमा।<br>निर्णय नं.४ उत्पादनमा आधारित दुग्ध प्रोत्साहन कार्यक्रम अनुदान रकम सम्बन्धमा।<br>निर्णय नं. ५ उत्पादनमा आधारित दुग्ध प्रोत्साहन कार्यक्रम र मुल्य श्रृङ्खला विकास कार्यक्रमको रकम विभाजन सम्बन्धमा।<br>निर्णय नं. ६ करार खेती (बाझो) खेतमा खेती) कार्यक्रम सम्बन्धमा।<br>४) आर्थिक वर्ष २०८१-०८२ मा स्वीकृत मेडपा कार्यक्रम अन्तरगत लिखु तामाकोशी गाउँपालिका वडा नं. ५ नागदहमा बेमौसमी तरकारी खेती सम्बन्धित तालिम प्राप्त उद्यमीहरुलाई आवश्यकता पहिचानका आधारमा सिप विकास तालिम र प्राविधिक सहयोग गर्ने र आ.व. २०८१-०८२ को स्वीकृत महिला गृहिणी कार्यक्रम अन्तरगत गाउँपालिका वडा नं. १ विस्कुट उत्पादन र वडा नं. ४ साबुन उत्पादन सम्बन्धित तालिम प्राप्त गरेका उद्यमीहरु व्यक्तिहरुलाई यस चालु आर्थिक वर्ष २०८२-०८३ मा स्वीकृत मेडपा कार्यक्रमबाट उल्लेखित वडाका उद्यमीहरुमा कार्यक्रमलाई निरन्तरता दिने र वडा नं. १ मा नयाँ उद्यमी सिर्जनाका लागि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। | |
| ३ | सामाजिक विकास क्षेत्र | ५) लिखु तामाकोशी गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा ६-८ को स्रोत सामाग्री पाठ्यपुस्तक लेखन एवम् निर्माणका भई पाठ्यपुस्तकलाई स्वीकृत गरेर छपाई तथा वितरणका लागि सम्बन्धित शाखालाई सहजीकरण गर्ने गराउने निर्णय गरियो। | |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाट उपलब्ध हुनेछन्।

प्रकाशराज श्रेष्ठ
प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | ६) बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडाको अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा अनुदान कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी कार्ययोजनालाई स्वीकृत एवं अनुमोदन गरी अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अधिनमा रही उक्त कार्यक्रमलाई सफलतापूर्वक प्रभावकारी रुपमा समयमै कार्यान्वयन गर्नका लागि सम्बन्धित सरोकारवाला सम्पूर्ण पक्षहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने गराउने निर्णय पारित गरियो।<br>७) लिखु तामाकोशी गाउँपालिकाको आ.व.२०८२/८३ को नीति, कार्यक्रम तथा बजेटको शिक्षा उपक्षेत्रमा विनियोजित कार्यक्रम अन्तर्गत स्थानीय भाषा पाठ्यक्रम निर्माण लगायत अन्य भाषा संस्कृतिसँग सम्बन्धित कार्यक्रमहरू सबै शीर्षकमा विनियोजित बजेटलाई देहाय बमोजिम उपक्रियाकलापमा विभाजन गरी यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।<br>८) मिति २०८३ साल बैशाख ९ गतेदेखि ११ गतेसम्म रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिकाको खेलमैदानमा सञ्चालित १३ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस स्थानीय तहबाट सहभागिताका क्रममा विद्यार्थी खेलाडी, अतिथि, प्रशिक्षक र खेलकुद व्यवस्थापकको यातायात, खाजा-खाना, आवास, खेलकुद सामग्री लगायत देहायको शीर्षकमा भएको तपसिलको खर्चलाई अनुमोदनका गर्ने निर्णय गरियो ।<br>९) मिति २०८३ साल बैशाख ९ गतेदेखि ११ गतेसम्म रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिकाको खेलमैदानमा सञ्चालित १३ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस स्थानीय तहबाट सहभागिताका क्रममा विद्यार्थी खेलाडी, प्रशिक्षक र खेलकुद व्यवस्थापकहरुमा प्रतियोगितामा सहभागी भई जिल्लास्तरमा दोस्रो स्थान प्राप्त गरि गाउँपालिकालाई पदक र मेडल जिताउन सफल भएकोमा बधाई तथा धन्यावाद प्रकट गर्दै सम्मान प्रदान गर्ने निर्णय गरियो। | |
| ४ | पूर्वाधार विकास क्षेत्र | १०) स्टोर निर्माण गर्ने सम्बन्धमा गाउँपालिकामा रहेका विद्युतका सामग्री, गाडी लगायत सम्पूर्ण सामग्रीहरु हाल अव्यवस्थित रुपमा रहेकाले उक्त सामग्रीहरुको संरक्षण तथा व्यवस्थापनका लागि कन्टेन्जेन्सी रकमबाट प्राविधिक लागत अनुमान अनुसार खर्च भुक्तानी हुने गरि निर्माण कार्य गर्ने निर्णय गरियो।<br>११) बागमती प्रदेश सरकारको बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका, २०८३ बमोजिम आयोजना माग प्रस्ताव पेश गर्नुपर्ने प्रावधान बमोजिम अनुसारका जिल्ला स्थित कार्यालयमा नयाँ आयोजनाहरु प्रस्ताव गर्दा देहाय बमोजिम रकमको न्यूनतम सीमा कायम गरी साना खानेपानी र साना सिँचाईको हकमा २० लाख, लिफ्ट सिँचाई, लिफ्ट खानेपानी, सडक तथा पुल पूर्वाधार, भवन, पार्क, मन्दिर, तटबन्ध लगायत ठूला पूर्वाधार आयोजनाहरुको हकमा ५० लाख प्राथमिकिकरण गरि वार्षिक बजेट तथा कार्यक्रममा देहायका क्षेत्रभित्र पर्ने आयोजनाहरुको माग गर्ने निर्णय गरियो। | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | १२) लिखु तामाकोशी गाउँपालिका वडा नं. ४ स्थायी बसोबास गर्ने बागमती प्रदेशस्तरिय भलिबल खेलाडी श्री मदन मगरको छोरा श्री रोशन बहादुर मगर दिर्ग रोगबाट बिरामी हुन गई उपचारत रहेको (मृगौला सम्बन्धि), निज आर्थिक रुपमा विपन्न भएको हुँदा निजलाई उपचारमा आर्थिक खर्च उपलब्ध गराउने सम्बन्धमा लिखु तामाकोशी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि २०८१ अनुसार राहत उपलब्ध गराउने निर्णय गरीयो। | |

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछन्।